# विधमान चुनौतिः स्वास्थ्य सेवा कि उपभोग्य बस्तु ?

**मोहन कुमार महत**
**शिक्षण सहायक**
**महेन्द्ररत्न क्याम्पस, ताहाचल**
**mohankumarmahat@gmail.com**

**Artical History**

| Received | Revised | Accepted |
| --- | --- | --- |
| 30th January, 2022 | 4th April, 2022 | 5th May, 2022 |

**शोधसार**

राज्यले सबै नागरिकको पहुँचमा स्वास्थ्य सेवा विस्तार गर्नको लागि समयानुकुलको स्वास्थ्य नीति, रणनीति र कार्यक्रम सञ्चालन गर्नु पर्दछ । कतिपय कुरा नीतिगत रुपमा उल्लेख गरिए पनि त्यसको सो अनुरुप कार्यन्वयन, संचालन तथा व्यवस्थापन गर्न नसक्दा राज्यले प्रदान गर्ने स्वास्थ्य सेवा कागजमै सीमित भएको छजवसम्म सरकारले स्वास्थ्य क्षेत्रको पर्वाधार विकास र विस्तारमा लगानी गर्दैन तवसम्म स्वास्थ्य सेवा मौलिक हकको रूपमा राज्यबाट प्राप्त गर्ने सेवा नभएर उपभोग्य वस्तु जस्तै गरी खरिद गर्ने र नसक्ने, निमुखा आम नागरिक स्वास्थ्य सेवाबाट वञ्चित हुनु परेको यथार्त हाम्रो सामु रहेको छ । जसले समाजमा हुने र नहुने बीचमा ठूलो आर्थिक तथा सामाजिक खाडल निर्माण गरी समतामूलक समाज निर्माण गर्ने महान अभिलाषा असफल हुन पुग्दछ । स्वास्थ्य सेवालाई हुनेले खरिद गर्ने वस्तु बनाउने र नहुनेले उपभोग गर्ने सेवा सुन्नु पर्ने बाध्यतालाई समयमै निराकरण गरी आजको आवश्यकता हो । तसर्थ स्वास्थ्य क्षेत्रमा नीतिगत परिवर्तन गर्दै लगानी विस्तार मार्फत राज्यले नागरिकको अधिकार सुरक्षित गर्न अपरिहार्य छ ।

## पृष्ठभुमी

स्वास्थ्य गतिशिल छ । जसलाई व्यक्तिको वंशाणुगत गुण, वातावरण शारीरिक तथा मानसिक अवस्थाले प्रभाव पार्दछ । असल स्वास्थ्य मानिसको जीवन हो । मानिसको आफ्नो जीवनमा प्राप्त गर्ने उपलब्धीको एक मुख्य स्रोत स्वास्थ्य भएको कारणले स्वास्थ्यलाई जीवनयापन गर्ने साधनको रुपमा लिइन्छ । व्यक्तिको शरीर स्वस्थ्य हुनु राज्यकै लागि फाइदाजनक कुरा हो । यसले देशको समग्र विकास तथा प्रगतिमा सकारात्मक प्रभाव पार्ने गर्दछ । कुनै पनि देशका नागरीक स्वस्थ्य हुनु भनेको त्यस देशका धेरै पक्ष र,प्रणाली स्वस्थ्य किसिमले चलेका छन् भनेर समेत अर्थ्याउन सकिन्छ । यसका लागि गुणस्तरीय स्वास्थ्य सेवाको अति आवश्यक छ ।

गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गरी स्वस्थ्यपूर्ण जीवनयापन गर्नका निम्ति व्यक्ति, परिवार, समाज र राज्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जनताको स्वास्थ्य अवस्था सुधार गर्नका लागि व्यवहार परिवर्तन, सामुदायिक विकास र सामाजिक परिवर्तनले मात्र पुग्दैन । यसका लागि स्वस्थ्य स्याहार तथा सेवाको आवश्यकता पर्दछ । स्वास्थ्य प्रणालीलाई व्यवस्थित र जिम्मेवार बनाउनको निम्ति नीति, लगानी तथा उत्पादनको महत्वपूर्ण भूमिका हुन्छ । देशको राजनैतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा पर्यावरणीय वातावरणले स्वास्थ्य प्रणालीलाई प्रभाव पारेको हुन्छ । त्यसैगरी स्वास्थ्य सेवालाई सरकारले अवलम्बन गर्ने नीति तथा कार्यक्रमले समेत उसैगरी प्रभाव पारेको हुन्छ ।

## अध्ययनको उद्देश्य

अध्ययनको निम्न अनुसार उद्देश्यहरु रहेका छन् ।

(१) वर्तमान स्वास्थ्य सेवाको अवस्थाको पहिचान गर्नु ।
(२) स्वास्थ्य सेवाका  पक्षमा रहेका समस्या तथा चुनौतीको विश्लेषण गर्नु ।
(३) स्वास्थ्य सेवा सुधारका उपायहरुको बारेमा सुझाउनु ।

## अनुसन्धान प्रश्न

अध्ययन कार्यलाई सम्पन्न गर्नको लागि वर्तमान अवस्थामा स्वास्थ्य सेवाको वितरण तथा पहुँचमा स्वास्थ्य सेवा कुन

अवस्थामा रहेको छ ? आर्थिक अवस्थाले स्वास्थ्य सेवाको उपलब्धता तथा पहुँच के खाडल श्रृजना गरेको छ त ? स्वास्थ्य सेवाको पहुँच विस्तारमा स्वास्थ्य नीति तथा कार्यक्रमको प्रभावकारीता के कस्तो अवस्थामा छ ? स्वास्थ्य सेवालाई राज्यले प्रदान गर्ने सेवाको क्षेत्रमा व्यावहारिकता बनाउन के गर्नु पर्ला ? जस्ता अनुसन्धान प्रश्नमा आधारित रहि अध्ययन केन्द्रित रहेको छ ?

## अध्ययन विधि

यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै स्रोतलाई सूचना स्रोतको रूपमा प्रयोग गरिएको छ। सूचना संकलनको लागि प्रयक्ष कुराकानी र अर्न्तवार्ता सूची मार्फत सूचना संकलनको गरिएको छ। अध्ययनकार्य पूर्णताको लागि वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग मार्फत केन्द्रित अस्पतालको रूपमा रहेको वीर अस्पताल, ग्राण्डी अस्पताल र प्रसुतीगृह थापाथलीमा भर्ना भएका विरामीलाई उद्देश्यमूलक नमुना छनोट विधीको प्रयोग मार्फत नमुना छनोट गरी स्वास्थ्य सेवाको विद्यमान अवस्था खोल्ने प्रयास गरिएको छ। प्राप्त सुचनालाई निजी सरकारी अस्पतालमा भर्ना भएको बिरामीको प्रतिक्रियाको आधारमा सरल र स्पष्ट भाषामा व्याख्या तथा विश्लेषण गरी नतिजा प्रस्तुत गरिएको छ ।

## वर्तमान परिवेश तथा चुनौति

स्वस्थ जनशक्ति देश विकासका मेरुदण्ड हुन् जो देश निर्माणका हरेक गतिविधिमा सक्रिय रुपमा सहभागी भई परि वार, समाज र सिङ्गो देश विकासको प्रक्रियामा महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछन् तर नागरिकको स्वास्थ्य खराब हुनु भनेको व्यक्ति, घर परिवारको मात्र स्वास्थ्य खराब नभएर देशको समग्र अवस्था कमजोर हुनु हो तसर्थ स्वस्थ्य नागरिक बनाई उनीहरुलाई राष्ट्र निमार्णमा लगाउनु राज्यको प्रमुख उत्तरदायित्व हो। यतिबेला राज्यले शिक्षा र स्वास्थ्य सेवालाई नीजि तथा व्यापारीकरणको नीति मार्फत आफ्नो नागरिक प्रतिको उत्तरदायित्वबाट पन्छिन खाजेको छ जुन कुरा नेपाली जनताको आर्थिक अवस्थाले थेग्न सक्ने स्थिति छैन ।

शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवाका क्षेत्रलाई नीजिकरण गरी व्यापार गर्ने बस्तु बनाउनु समाजलाई समतामुलक बनाउनु भन्दा पनि समाजमा हुने र नहुने बीचमा वर्गको ठूलो खाडल सिर्जना गरी भष्ट्राचार बढाउनु हो । गुणस्तरीय स्वास्थ्य सेवा प्रर्वद्धन गरी सर्वसुलभ सेवा प्रवाहको पहुँचमा कमी, स्वास्थ्य सेवामा लगानी अनुरुपको प्रतिफल प्राप्त नहुनु,विश्वव्यापिकरण र भूमण्डलीकरणको प्रभाव,राज्यबाट संचालित नीति, कार्यक्रमको प्रभावकारी कार्यन्वयन, अनुगमन र मुल्याङ्कन प्रणालीमा समस्या,स्वास्थ्य बिमामा आबद्धताको प्रश्न, आजकास्वास्थ्य सेवाकोक्षेत्रका समस्या तथा चुनौति हुन ।स्वास्थ्य सेवाकानिकै खर्चिलो सबै जनताको पहुँचभन्दा निकै दुरको विषय बनेको छ। सरकारी अस्पतालमा प्रभावकारी उपचार हुन सकिरहेको छैन भने नीजि अस्पतालको सेवा सुविधामा मनपरी लुटतन्त्र मच्चिरहेको छ। जसको ठिक तरिकाले अनुगमन गरी उपलब्ध सेवा सुविधाको आधारमा सेवा सुविधा सहित शुल्क निर्धारण गरी कार्यन्वयनमा ल्याउनु नसक्नु आजको मुख्य चुनौति हो ।

सामाजिक र आर्थीक रुपमा उत्पादनशिल जिन्दगी जिउ नसक्नु लाई पनि स्वास्थ्यसंग जोडेर हेर्न थालिएको छ । अझैपनि पूरातन तथा रुढिबादी धार्मिक, साँस्कृतिक जकडतामा अल्झेको नेपाली समाजका धेरै कुना कन्दरा बिरामी भए स्वास्थ्य संस्था लैजाने सोचभन्दा टाढै छन् बरु धामी झांक्रिकै तान्त्रिक मान्यतामा बढी भरोसा राख्छन्। यो नेपाली समाजको तितो यथार्थता र वास्तविकता हो। सामाजिक रुपमा समाज अझैपनि विकसित आयामसँग जोडिन सकेको छैन। जसको प्रत्यक्ष, परोक्ष असर स्वास्थ्य सेवाको उपभोगमा जोडिन पुगेको छ। यसका लागि राज्यका आफ्नै जिम्मेवारी होलान् स्वयम् व्यक्ति, परिवार र समाज समेत यसमा सजग बन्दै गुणस्तरीय स्वास्थ्य सेवातर्फ जोडिन आवश्यक छ। पछिल्लो चरणमा विकसित भएका प्रविधि तथा चिकित्सकिय आयाममा नेपाल समय अनुसार जोडिन नसक्दा आम मानिसको स्वास्थ्य सेवा उपभोगको कुराले अपेक्षित बाटो समात्न सकिरहेको छैन ।

## स्वास्थ्य सेवाका समस्या तथा चुनौतिहरु

गुणस्तरीय स्वास्थ्य सेवाको प्रवर्द्धन गरी सबै तहमा सर्वसुलभ सेवा प्रवाहको पहुँचमा पुऱ्याउन नसकिएकाले जनताले

अपेक्षा गरे अनुरूपको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र एकरूपता कायम हुन सकेको छैन । स्वास्थ्य सेवामा लगानी अनुसारको प्रतिफल प्राप्त हुन सकेको छैन । निजी स्वास्थ्य सेवा प्रत्यक संस्थाको सेवा सुविधा र लागतको बारेमा राज्य बेखबर जस्तै बन्नु, नागरीकले संविधानले व्यवस्था गरेको अधिकार तथा सेवाको क्षेत्रमा आर्थिक हैसियत अनुसार लगानी गरेर उपभोग गर्नु पर्ने बाध्यकारी अवस्था हुनु समस्याको तथा चुनौतीको रूपमा रहेका छन् ।

नागरिकको गाँस, बास, कपास सहित शिक्षा र स्वास्थ्यको जिम्मा राज्यले लिनुपर्दछ । वर्तमान समयमा देशमा भइरहे को असामाजिक क्रियाकलाप भष्टाचारले प्रश्रय पाउनुको मुख्य कारण व्यक्तिगत सम्पति प्रतिको मोहले गर्दा नै हो किनकी व्यक्तिको सम्पतिको जोहो गर्नका लागि जे-जस्तो सुकै क्रियाकलाप गर्नुपर्ने बाध्यता हाम्रो देशको राज्य व्यवस्थाको परिणामको उपज हो । किनकी जबसम्म राज्यले जनताको आधारभूत आवश्यकता पूरा गर्ने जिम्मेवारी लिदैंन त्यतिन्जेल सम्म समाजमा अन्याय, अत्याचार भष्ट्राचार झन् दिन दुई गुना रात चौ गुनाको दरले मौलाउने प्रष्ट पुस्टी भएको कुरा दिनको घाम जत्तिकै छर्लङ्ग छ ।

विभेदपूर्ण शिक्षा प्रणाली, शिक्षामा भएको नीजि क्षेत्रको लगानी, शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकारबाट बन्चित हुनु, प्राविधिक उच्च शिक्षामा विधार्थीको क्षमता र दक्षता भन्दा पनि व्यक्तिगत लगानीको आधारमा पहुँच स्थापित गरी जनशक्ति उत्पादन गर्ने परिपाटी हाम्रो शिक्षा प्रक्रियाका कमि-कमजोरी हुन् । मोटो रकम लगानी गरेर सामाजिक इज्जत मान प्रतिष्ठा सहित व्यापारीक दृष्टिकोणलाई केन्द्रबिन्दुमा राखी व्यक्तिले स्वास्थ्य लगायत सबै प्रकार का शिक्षामा गरेको लगानी पक्कै पनि राष्ट्र र आम नागरिकको लागि प्रतिउत्पादक नै हुन्छ । विधालय शिक्षालाई अनिवार्य तथा अधिकारको रुपमा र उच्च शिक्षालाई राज्यको आवश्यकताको आधारमा उत्पादन गर्नु देश, जनता र राष्ट्रको लागि हितकर हुनुका साथै जनमुखी तथा जनवादी शिक्षाको नाराको पदचाप समातेको आभास, अनुभूति र उपभोग गरी लोकतन्त्र, समाजवाद र जनवादका नाराले पनि सार्थकता पाउँन्छन् ।

आर्थिक रुपमा विपन्न समुदायका मानिस वा निम्न आय भएकाहरु महँगो शुल्कमा स्वास्थ्य सेवा लिनबाट बन्चित भइरहेका छन् । स्वास्थ्य सेवा विशुद्ध सेवा भावले गर्नुपर्ने विषय हो तर यहाँ यो धेरै हदसम्म व्यापारीक उद्देश्यले नै निर्देशित भएको देखिन्छ । सरकारी तथा नीजि स्वास्थ्य संस्था जनतालाई स्वास्थ्य सेवा दिएकै भरमा आर्थिक उपार्जन गर्ने सोचले सेवामा जोडिनु सुखद विषय हुन सक्दैन । यसले त स्वास्थ्यलाई उपभोग्य बस्तुको रुपमा चित्रण गर्नुपर्ने बाध्यात्मक परिस्थितिको सिर्जना समेत गराइरहेको छ । यसर्थ यसमा सम्बन्धित सरोकार पक्ष गम्भिर भएर लाग्नुपर्ने देखिन्छ ।

## सर्वमान परिवेश

### परिवेश १,

**(शोभा पाण्डे, ३४)** “मेरा आमा रुखबाट लडेर मेरुदण्ड भाँचिएकोले एक महिनादेखि रुकुमबाट ट्रमा सेन्टर, काठमाडौं मा उपचारको लागि बसेको छु । आमाको स्वास्थ्य अवस्थामा सुधार आउन अझै ३/४ तिन चा महिना लाग्छ भनेर उपचार गर्ने डाक्टरले भन्नु भएको छ । तर अव काठमाडौंमा बसेर सरकारी अस्पताल भएपनि उपचार गर्ने उपाय म सँग छैन । भएका धन वस्तु गहना सबै बेचेर नपुगेर आफन्तले आफूले सक्ने सहयोग सबैले गर्नु भयो तर पनि उपचार को खर्च धान्न नसकेर पर्सि शुक्रबार आमालाई फर्काएर गाउँमा लैजादै छु, जे हुन्छ घरमा गएर हुन्छ भगवान भरोसा, हामी जस्तो गरीवले उपचार पाउनु त कल्पना मात्र रहेछ” ।

### परिवेश २,

(विष्णु राई, ४०) मेरो घर भोजपुर हो, ६ वर्ष देखि काठमाडौँको कलंकीमा चिया, खाजा पसल गरेर मेरो श्रीमती एक छोरा २ छोरी सहित बस्दै आएका छौ, यहि बिचमा म ३ वर्ष वैदेशिक रोजगारको शिलशिलामा कतार गएको थिए तर कोरोना भाइरस रोग फैलेकोले नेपाल खुलेपछि गएको मंसिर २०७७ मा म नेपाल आएँ, यहि महिनाको १३ गते (असोज, २०७८) श्रीमतीको स्वास्थ्यमा समस्या देखिएपछि जाँच गराउनेको लागि थापाथली प्रसुती गृहमा गयौ र जाँच गराउँदा

पाठेघरमा पानीको फोका छन् भनेर केही औषधी लेखिदिए, खायौ तर रोग निको भएन र फेरी छिमेकीको सल्लाहमा प्राइभेटअस्पतालमा गएर जचाउँदा अप्रेसन गर्नुपर्छ, यो भन्दा अगाडी सेक्ने प्रविधिले पनि उपचार हुन सक्छ । पहिलो सेकौ भनेकोले त्यतै पट्टि लागियो, उपचारमा भएको पैसा र पसल पनि सकियो तर रोग आझैसम्म निको भएको होइन । "वाध्य भएर रोगलाई सँगै राखेर पेट पाल्नको लागि विहान हस्पीटल बिरामी श्रीमतीलाई एक्लै छोडेर बेलुका ज्याला मजदुरी गरेर आउँछु" ।

**परिवेश ३,**

(कृष्ण खड्का, २८) मेरो स्थायी घर अर्घाखाँची, हाल व्यापार व्यवसाय गर्ने भनेर रूपन्देही सैनामैना न.पा. ३, नयाँ वस्तीमा गाई फाम खोलेर बसेको थिए, कोरोना महामारीले मेरो जीवन नै अप्ठ्यारो बनाई दियो ।" असार २३, ०७७ मा मेरो बाबामा कोरोना पोजेटिभ देखियो । रोगले च्याप्यो र लुम्बिनी अस्पतालमा भर्ना गर्न लगेर गएँ तर जटिलकेश भएकोले भैरहवा अस्पताल पठाइयो, भैरहवा २ दिन राखेपछि जतिसक्नु हुन्छ छिटो काठमाडौं लैजाने सल्लाह अस्पतालले दियो, म प्राइभेट गाडी, एम्बुलेन्सलाई हारगुहार गरे कोहि जान मानेनन्, हेलिकप्टर आउँदो रहेछ तर खर्च चार लाख पचास हजार रहेछ । मसँग मात्र तिस हजार , काठमाडौं लैजान नसक्दा अर्को दिन बुवाको मृत्यु भयो । "गरिविले उजाड बनायो जिन्दगी"

**स्वास्थ्य सेवामा राज्यको कानूनी व्यवस्था**

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरीकको मौलिक हकको रुपमा स्थापित गरिसकेको सन्दर्भमा गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरीकको सर्वसुलभ पहुँचमा पुऱ्याउनु राज्यको दायित्व हो । राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले संरचनात्मक विकास, विस्तार र स्वास्थ्य क्षेत्रमा नीजि क्षेत्रको लगानी र सहभागितालाई प्रर्वद्धन गरेको थियो भने स्वास्थ्य नीति २०७१ ले अन्तरिम संविधान २०६३ को भावना र मर्म अनुरुप जनसहभागितामूलक निशुल्क आधारभूत स्वास्थ्य सेवालाई जोड दिएको छ ।

नेपालको संविधान २०७२ ले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरीकको मौलिक हकको रूपमा स्थापित गरेको छ । देश संघिय शासन प्रणालीमा गएकोले संघियताको मर्मलाई आत्मसाथ गर्दै गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरीकको सबैसुलभ पहुँचमा पुऱ्याउन राज्यको दाइत्व हो । संघियता लागु भइ सकेपछि स्थानीय र प्रदेश सरकारले पनि स्वास्थ्य सेवा तथा सामाजिक सेवाको जिम्मेवारी वहन गर्न थालेका छन् ।

राष्ट्रिय स्वास्थ्य नीति, २०४८ ले स्वास्थ्य क्षेत्रमा निजी लगानीलाई पनि प्रवर्द्धन गरेपछि मुलुकमा चिकित्सा विज्ञान अध्ययन संस्थान लगायत नीजि स्वास्थ्य संस्थाहरू व्यापक रूपमा खोलिए । स्वास्थ्य क्षेत्रमा नीजि क्षेत्रको सहभागिता मुख्य रूपले उपचारात्मक सेवा र औषधी- उपकरण उत्पादनको क्षेत्रमा भए तापनि शहर केन्द्रित छ । स्वास्थ्य नीतिमा मौलिक हकका रुपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकहरूको सहज पहुँचमा पुग्ने गरी (Universal Health Coverage) प्रभावकारी रुपमा कार्यान्वयन गराउने, आधारभूत स्वास्थ्य सेवा निशुल्क रुपमा उपलब्ध गराउने साथै स्वास्थ्य सेवाहरू सर्वसुलभ एवं प्रभावकारी रुपमा प्रवाह गर्ने लक्ष्य लिएको देखिन्छ । जसमा स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजनिक तथा निजी क्षेत्रको सहकार्यलाई प्रवर्द्धन गर्ने नीति समेत लिइएको छ । गुणस्तरीय एवं सर्वसुलभ स्वास्थ्य सेवाको सुनिश्चितता गर्न र उपचार खर्चमा नागरिकलाई वित्तीय सुरक्षा प्रदान गर्न राज्यबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउँदै लैजाने योजना समेत यसमा समावेश गरेको देखिन्छ ।

**स्वास्थ्य सेवा सुधारका उपाय :**

नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रूपमा स्थापित गरिसकेको सन्दर्भमा सङक्रामक रोगहरू नियन्त्रणमा प्राप्त उपलब्धिहरूलाई कायम राख्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई वाञ्छित तहसम्म घटाउनु, बढदै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुन सक्ने स्वास्थ्य सम्बन्धि विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु राज्यको दायित्व हो ।

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरिएको छ । जसमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा प्रदान गर्ने तथा समान पहुँच स्थापित गर्दे आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि वञ्चित गरिने छैन भनेर उल्लेख गरिएको छ । यसबाट बुझ्न सकिन्छ आम नागरीकको स्वास्थ्यको प्रत्याभूत गर्ने संविधानमै महत्वका साथ समावेश गरिएको छ । जसलाई राज्यले प्राथमिकताका साथ यसको संविधानको मर्म अनुरुप कानुन, ऐन, नियम तथा विनियमको उचित निर्माण तथा तर्जुमा गरी सरकार यसको कार्यान्वयनको दिशातर्फ उन्मुख हुनुपर्छ ।कतिपय कुरा नीतिगत रुपमा उल्लेख गरिए पनि त्यसको सो अनुरुप कार्यन्वयन, संचालन तथा व्यवस्थापन गर्न नसक्दा राज्यले प्रदान गर्ने स्वास्थ्य सेवा कागजमै सीमित भएको समेत देखिदैं आइएको छ । जसले आम नेपालीको स्वास्थ्यजस्तो संवेदनशिल विषयमा उचित ध्यान पुयाउन नसकिएको  प्रश्न समेत उठाउने ठाउँ रहेको छ । समतामुलक पहुँच स्थापित गर्ने, निशुल्क गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ गराउने, स्वास्थ्य उपचारमा रहेको उच्च व्यक्तिगत खर्च घटाउने/हटाउने,नाफामुलक स्वास्थ्य क्षेत्रलाई सेवामुखी बनाउने, स्वास्थ्य सेवालाई सार्वजनिक सेवाको रुपमा स्थापित गर्ने दिशातर्फ उन्मुख हुनुपर्छ ।

स्वास्थ्य सेवाको विषयमा भए गरेका विधमान समस्या तथा चुनौतिहरुको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरीकको संविधान प्रदत्त हक सुनिश्चित गर्न नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा गरेको प्रतिबद्धतालाई पूरा गर्नका लागि सहश्राब्दी विकास लक्ष्यहरु (Millennium Development Goals) लाई आत्मसाथगरीनेपालको लोकतान्त्रिक सामाजिक तथा समाजवादी दर्शनलाई केन्द्रबिन्दुमा राख्दै नीति निमार्ण तथा कार्यक्रम प्रभावकारी कार्यन्वयन गरी जनताको आधारभूत अधिकारको रुपमा स्थापित, स्वास्थ्यमा समतामुलक तथा समान पहुँच विस्तार गरी स्वस्थ्य र सुखी जीवन लक्षित सजग र सचेत नागरीक निमार्ण गर्नु आजको आवश्यकता हो ।

## निष्कर्ष

स्वास्थ्य सेवालाई राज्यले, संविधानमा नै आधारभूत अधिकारको रूपमा उल्लेख गरेको परिप्रेध्यमा, स्वास्थ्य नीति तथा कार्यक्रमले आम नागरीकको पहुँचमा आधारभूत स्वास्थ्य सेवालाई सहज रूपमा पुऱ्याउन नसकेको वर्तमान  अवस्थाले स्वास्थ्य जस्तो आधारभूत सेवाको क्षेत्र, आम नागरिकले उपभोग्य वस्तु जस्तो गरी आर्थिक हैसियतका आधारमा खरिद गरी उपभोग गर्ने विद्यमान परिस्थिति रहेको छ । उक्त परिवेशमा सुधार ल्याई स्वास्थ्य सेवाको सर्वसुलभ पहुँच निःशुल्क विस्तार र विकास गर्न राज्यले नीति, कार्यक्रम र वितरण सिमालाई प्रभावकारी बनाउन उचित कदम चाल्नु पर्ने देखिन्छ ।

## सन्दर्भ सामाग्री


*National Health Policy,* 2048 BS

*Constitution of Nepal,* 2072 BS

Government of Nepal. *The Constitution of Nepal.* Kathmandu, Nepal; 2015. https://www.wipo.int/edocs/lexdocs/laws/en/np/np029en.pdf. Accessed 11 Aug 2019.

*National Health Policy,* 2076 BS

*Nepal Health policy,* 2077 BS

Thapa R, B., Tiwari K. P., Sinha T.K & Dahal, S. ( 2019). I*mplementing federalism in the health system of Nepal*: *Opportunities and challenges.* https://doi.org/10.15171/IJHPM.2018.121.

*World Health Organization (2001) Health research method defy: A guide for training in research methods* (2nd) Manila: WHO.